लोक सेवा आयोग

(सूचना तथा प्रकाशन शाखा)

(सूचना नं: ११७३/०७९-८०)

कमलपोखरी, काठमाडौं

मितिः २०७९/११/५

दरखास्त तथा निवेदन पेश गर्ने सम्बन्धी सूचना

सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७९-WO-०८०९ उपर मिति २०७९/१०/२० मा जारी भएको अन्तरिम आदेश कार्यान्वयनका लागि आयोगको मिति २०७९/११/५ गते बसेको बैठकको निर्णय बमोजिम नायब सुब्बा वा सो सरह (अप्राविधिक) पदका लागि मिति २०७९/९/२७ गते आयोग अन्तरगतका विभिन्न कार्यालयहरुबाट प्रकाशित राजपत्र अनंकित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरहका पदका वि.नं. १०००१/०७९-८० देखि १५७०६/०७९-८० सम्मका विज्ञापनहरुमा अन्तरिम आदेशमा उल्लेख भए बमोजिम लोक सेवा आयोगले मिति २०७६/२/१५ गते विज्ञापन प्रकाशन गरी स्थानीय तहका लागि लिएका परीक्षावाट सिफारिस एवं पदस्थापन भै हाल कार्यरत वहालवाला स्थायी कर्मचारीलाई उमेर हद नलगाई **२०७९/११/५ देखि २०७९/११/२५ सम्म** २१ (एक्काइस) दिन म्याद दिई **दरखास्त आव्हान** गरिएको छ। आयोगको अनलाईन दरखास्त प्रणालीमा दरखास्त पेश गर्न यो सूचना जारी गरिएको छ। यसरी दरखास्त पेश गर्ने उम्मेदवारले सम्मानित अदालतको अन्तरिम आदेश बमोजिम उमेर हद नलगाउने गरी दरखास्त दिएको व्यहोरा खुलाई आयोगको अनलाइन दरखास्त प्रणालीको अनुभव (Experience) खण्डमा **छुट्टै निवेदन** समेत अनिवार्य अपलोड गर्नुपर्नेछ।

त्यस्तै लोक सेवा आयोगले २०७६/२/१५ गते विज्ञापन प्रकाशन गरी स्थानीय तहका लागि लिएका परीक्षावाट सिफारिस एवं पदस्थापन भै हाल कार्यरत वहालवाला स्थायी कर्मचारीमध्ये माथि उल्लेखित विज्ञापनमा पहिलो पटक सूचना प्रकाशन हुँदा तोकिएको अवधिमा दरखास्त दिएका तर **उमेर हदका कारण दरखास्त अस्वीकृत भएका उम्मेदवार** कोही भएमा उमेर हद नलगाई आफ्नो दरखास्त स्वीकृतीका लागि पायक पर्ने लोक सेवा आयोगको कुनै कार्यालयमा **निवेदन पेश गर्न** समेत जानकारी गराईएको छ।

सम्मानित अदालतको अन्तरिम आदेश कार्यान्वयनका सिलसिलामा यो सूचना जारी गरिएकोले अदालतबाट अन्तिम आदेश हुँदाका वखत अन्यथा आदेश भएमा सोही बमोजिम भैजाने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

(देवीप्रसाद सुवेदी)
उपसचिव